प्रदेश सरकार

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

**उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रममा (एमविविएस लगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छनौट भई भर्ना भएका दलित, अल्पसङ्ख्यक तथा गरिब विद्यार्थीका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/०२/१८ गते मंगलबार

यस प्रदेशभित्र स्थायी बसोवास गर्ने निम्नानुसारको **प्राविधिक शिक्षाको स्नातक तहमा** चालु आ.व. ०७७/०७८ मा नेपाल भित्र छात्रवृत्ति कोटामा छनौट भइ विभिन्न कलेजहरुमा अध्ययनका लागि भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीहरुलाई **सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा सम्बन्धि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७७,** अनुसार तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित निवेदन सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**छात्रवृत्तीका लागि निवेदन दिन सकिने विषयहरु**

क) स्वास्थ्य (एमविविएस)
ख) बन विज्ञान
ग) इञ्जिनियरिङ
घ) कृषि विज्ञान
ङ) पशु विज्ञान

**निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. कक्षा १० (SEE) र १२ उत्तीर्ण गरेको प्रमाणपत्र र ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी,
४. कक्षा १० (SEE) उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरेको पत्र,
५. चालु आ.ब. ०७७/०७८ मा एमविविएस लगायत उच्च प्राविधिक शिक्षाको स्नातक तहमा छात्रवृत्तीमा छनौट भएको पत्र
६. भर्ना भई अध्ययन गरेको सम्बन्धित कलेजको सिफारिस पत्र,
७. गरीब खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र,
८. दलित तथा अल्पसङ्ख्यक खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको सक्कलै पत्र ।

यस सम्बन्धी थप जानकारी, निवेदनको ढाँचा र मूल्याङ्कनका आधारहरु शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेभसाइट www.mosd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।साथै उम्मेदवारले mosdgedu@gmail.com मार्फत पनि निवेदन दिन सकिने छ ।थप जानकारी एवम् सम्पर्कका लागि तोयनाथ लम्साल, उपसचिव मोवाइल नं. ९८५६०३६७५० मा सम्पर्क गर्नुहुन ।